नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि क्षेत्र विकास कार्यक्रम

वीरेन्द्रनगर, सुर्खेत

# मूल्य शृङ्खला विकास कोष अन्तर्गत सहलगानी प्रस्ताव पेश गर्नका लागि आवश्यक योग्यता तथा अन्य जानकारी

कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) बाट मिति २०७७।१०।०१ गते मूल्य शृङ्खला विकास कोष खण्ड-१, खण्ड-२ र सामुदायिक पूर्वाधार निर्माण अन्तर्गत सहलगानीका लागि प्रस्तावना पेश गर्न सूचना आव्हान गरिए बमोजिम प्रस्ताव पेश गर्नका लागि प्रस्तावदाताको आवश्यक योग्यता, सहलगानीका क्षेत्र, सहलगानी सीमा तथा अन्य विवरण सम्बन्धी विस्तृत जानकारी तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**(१) मूल्य शृङ्खला विकास कोष खण्ड-२**

भेरिगंगा नगरपालिकामा प्राथमिकतामा परेका खसीबोका, बेमौसमी तरकारी, र दूध मूल्य शृङ्खला विकासको लागि तोकिएका क्लष्टरहरुमा व्यावसायिक उत्पादनका लागि सम्बन्धित निकायमा दर्ता भएको सरदर ३० जना सदस्य संलग्न उत्पादक कृषक समूह र कृषि सहकारी संस्थाहरुबाट सहलगानीको लागि निवेदन पेश गर्न आव्हान गरिन्छ ।

| नगरपालिका/ गाउँपालिका | मूल्य शृङ्खला | क्लष्टरः वडा | क्लष्टरः गाउँ/टोल |
|---|---|---|---|
| भेरीगंगा नपा | खसीबोका | १, २, ३, ५, ६, ७ | लेखपराजुल, बबई, हात्तीखाल, गेरुवानी भर्लेनी, लेख झिंग्नी, ठुलोखाल, सानोखोरिया, कुईनेपानी, काठेघारी, मानकोट, इयाक्रे, दर्मालीटोल, राजीगाउँ |
| | बेमौसमी तरकारी | ४, ५, १०, १२ | हर्रे, हात्तीसुँड, झिलमिल, तालबारी, मसिना, छिन्चु, कालीदमार |
| | दूध | ३, ४, ६, ८, ११, १३ | डुंगीखोला, दमार, मुरलीखोला, रोल्पाली बाहगाउँ, दाब्रे टोल, किच घारीबन, झिंग्नी, फूलबारी, भगवती, कुईरेटोल, ठुलोकरेली टोल |

**मूल्य शृङ्खला विकास कोष खण्ड-२ अन्तर्गत सहलगानीका क्षेत्र तथा प्रस्ताव पेश गर्नका लागि न्यूनतम योग्यताः**

| विषयवस्तु | विवरण |
|---|---|
| आवेदकको न्यूनतम योग्यता | • सम्बन्धित पालिकाको समन्वयमा मूल्य शृङ्खला प्रवर्द्धनका लागि सूचीकृत क्लष्टर भित्रका समूह/सहकारीहरु (यदि सहकारीको संगठन ढाँचा समूह, अन्तर समूह तथा मूल समिति किसिमको भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिसमा आवेदन गर्ने हरेक अन्तर समूहको योग्यता पुगेको मानिनेछ।)<br>• सम्बन्धित निकायमा दर्ता भएको र सरदर ३० जना साना कृषक आवद्ध भएको समूह अथवा कृषि तथा बहुउद्देशीय सहकारी अन्तर्गत सञ्चालन र व्यवस्थापनमा रहेका कृषि अन्तर समूहहरु ।<br>• सम्बन्धित मूल्य शृङ्खलामा कार्य अनुभव ।<br>• सहलगानी र कार्यान्वयन सम्बन्धी निर्णयको प्रतिलिपि । |
| सहलगानीका क्षेत्रहरु | उत्पादन तथा उत्पादकत्व वृद्धिका कार्यहरुः उन्नत प्रविधि, मेसिन उपकरण, उत्पादन सामग्री, प्राविधिक सहयोग तथा तालिम, गुणस्तर तथा प्रांगारिक प्रमाणीकरण आदि । |

| | |
|---|---|
| सहलगानी सीमा | • समूह/सहकारीलाई सम्बन्धित मूल्य शृङ्खलाको व्यावसायिक उत्पादन कार्यका लागि आवश्यक सामग्रीहरु, मेसिन उपकरण, प्राविधिक सहयोग, तालिम आदिमा स्थानीय रुपमा उपलब्ध सामग्री र श्रमदान बाहेक हुने कुल रकमको अधिकतम ५०% सम्म सहलगानी उपलब्ध हुनेछ ।<br>• अधिकतम सहलगानी प्रति सदस्य रु. ३५,७००।०० (अक्षरेपि रुपैयाँ पैंतीस हजार सात सय मात्र) सम्मका दरले उपलब्ध हुनेछ । कुल सदस्य संख्याको आधार एवं अनुपातमा सहलगानी घटीबढी हुन सक्नेछ । |
| आवेदकको स्वलगानी | कृषि क्षेत्र विकास कार्यक्रमको सहलगानी बाहेक आवेदकले सहलगानी गर्नुपर्ने कम्तीमा ५०% रकम मध्ये आधा जिन्सी तथा श्रमबाट पुरा गर्न सकिनेछ भने आधा नगदै लगानी गर्नु पर्नेछ । |
| अन्य | • हाल उत्पादन गरिरहेको कृषि बाली वस्तुहरुको क्षेत्रफल/संख्या तथा उत्पादनमा वृद्धि गर्नु पर्नेछ ।<br>• कार्यक्रमले सम्बन्धित पालिकाको समन्वयमा निर्दिष्ट गरेका मूल्य शृङ्खला र क्लष्टरहरु बाहेक कार्यक्रमसंग सहकार्य गर्ने कृषि उध्यमी वा व्यापारीहरुले छनौट गरेका अन्य कृषि मूल्य शृङ्खला र क्लष्टरहरुमा पनि समूह तथा सहकारी पहिचान गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ । |

## (२) मूल्य शृङ्खला विकास कोष खण्ड—१

### (क) आशयपत्रका लागि वर्गीकृत खण्ड (Window) हरूः

| विवरण | Window SP: निजी प्राविधिक सेवा प्रदायकहरू र आपूर्तिकर्ता | Window 1 A: साना तथा मझौला कृषि व्यवसायीहरू | Window 1 B: ठूला कृषि व्यवसायी एवं कम्पनीहरू |
|---|---|---|---|
| लक्षित वर्ग (आवेदक) | सामग्री आपूर्तिकर्ता, कृषि तथा पशु सेवा प्राविधिक, ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, बहुउद्देश्यीय नर्सरी, एग्रोभेट, स्रोत केन्द्र आदि। | व्यापारी/कृषि व्यवसायी/ कृषक समूह/ कृषि सहकारी/ सेवा प्रदायक (सेवा र सामग्री) | कृषि व्यवसायी/ प्रशोधनकर्ता/कम्पनी |
| लगानीका क्षेत्रहरू | कृषि र पशुपालन सम्बन्धी सामग्री आपूर्ति तथा प्राविधिक सेवा प्रवाहका लागि आवश्यक प्रविधि, औजार आदि । | उत्पादनोपरान्त (Post-Harvest) का कार्यहरुः संकलन, भण्डारण, प्रशोधन र बजार प्रवर्द्धन/बजारीकरण तथा मूल्य अभिवृद्धि सम्बन्धी कार्यहरू । | |
| आवेदकको न्यूनतम योग्यता | सम्बन्धित निकायमा दर्ता भई सेवा प्रवाहको क्षेत्रमा प्रर्यास योग्यता र दक्षता भएको (तालिम, प्रमाणपत्र, अनुभव) | सम्बन्धित निकायमा दर्ता भई समान प्रकृतिको मूल्य शृङ्खलामा कम्तीमा एक वर्षको अनुभव । | सम्बन्धित निकायमा दर्ता भई समान प्रकृतिको व्यवसाय/ मूल्य शृङ्खलामा कम्तीमा तीन वर्षको अनुभव । |
| अनुदान सीमा (अधिकतम) | आयोजनाले निर्दिष्ट गरेका सहलगानीका क्रियाकलापहरुमा कुल लागतको ३०% वा बढीमा रु. १,५३,०००।०० | आयोजनाले निर्दिष्ट गरेका सहलगानीका क्रियाकलापहरुमा कुल लागतको ३०% वा बढीमा रु. १५,३०,०००।०० | आयोजनाले निर्दिष्ट गरेका सहलगानीका क्रियाकलापहरुमा कुल लागतको ३०% वा बढीमा रु. १,०२,००,०००।००# |

| विवरण | Window SP: निजी प्राविधिक सेवा प्रदायकहरू र आपूर्तिकर्ता | Window 1 A: साना तथा मझौला कृषि व्यवसायीहरू | Window 1 B: ठूला कृषि व्यवसायी एवं कम्पनीहरू |
|---|---|---|---|
| लाभान्वित कृषक संख्या (सेवाग्राही) | कम्तीमा १०० जना कृषकहरूलाई सेवा प्रवाहमा समेट्नु पर्ने (विद्यमान व्यवसाय विस्तार भएमा थप) | कम्तीमा १०० जना कृषकहरुसंग सहकार्य गरी उत्पादनको बजार सुनिश्चित हुनुपर्ने । | न्यूनतम ३०० जना कृषकहरुसंग सहकार्य गरी उत्पादनको बजार सुनिश्चित हुनुपर्ने । |

# आयात प्रतिस्थापन तथा निर्यात गर्न सकिने सम्भावना भएका मूल्य शृङ्खलाको हकमा दुई लाख पचास हजार अमेरिकी डलरसम्म।

- कर्णाली प्रदेशबाट लक्षित उत्पादनहरु अन्य प्रदेश र विदेशमा निर्यात गर्ने ब्यवसायीहरुले स्थानीय ब्यवसायीसंगको साझेदारीमा आशयपत्र पेश गर्न सक्नेछन् ।

**(३) सामुदायिक पूर्वाधार निर्माण**

| विषयवस्तु | विवरण |
|---|---|
| आवेदकको न्यूनतम योग्यता | कार्यक्रमले निर्दिष्ट गरेका क्लस्टरहरुमा परिचालित एवं मूल्य शृङ्खला विकास कोष खण्ड-२ अन्तर्गत सहभागी उत्पादक समूह एवं सहकारीले प्रस्ताव पेश गर्न सक्नेछन् । |
| लगानीका लागि संभावित क्षेत्रहरु | उत्पादन र उत्पादनोपरान्त क्रियाकलापहरुसंग सम्बन्धित सामुहिक लाभका पूर्वाधारहरु जस्तैः सिंचाई (कुलो, सिंचाई पोखरी, सोलार लिफ्टपम्प आदि), संकलन केन्द्र (दूध, तरकारी), रष्टिक स्टोर आदि । |
| सहलगानी सीमा | • कृषि क्षेत्र विकास कार्यक्रमका तर्फबाट कूल लागतको ८५ प्रतिशत वा बढीमा २० लाख ४० हजार मध्ये जुन कम हुन्छ, सो अनुसार सहलगानी उपलब्ध हुनेछ । समूह र सहकारीले व्यहोर्ने १५ प्रतिशतमा नगद र जिन्सी दुवै हुन सक्नेछ ।<br>• सिंचाई पूर्वाधारहरुको लागि सहलगानी रकम निर्धारण गर्दा नयाँ सिंचित क्षेत्र विस्तार, सम्बन्धित मूल्य शृङ्खला बालीको आवश्यकता तथा त्यस बालीको व्यावसायिक उत्पादन विस्तार, सिंचाई पूर्वाधारबाट उपलब्ध हुने थप आर्थिक लाभ, लाभग्राहीको तर्फबाट उपलब्ध हुन सक्ने साझेदारी रकम जस्ता सूचकहरुलाई आधार मानिने छ ।<br>• स्थानीय रुपमा निशुल्क उपलब्ध हुने सामग्रीहरुको लागत साझेदारीको रुपमा गणना गरिने छैन । |

- निवेदन पेश गर्ने अन्तिम मितिः खण्ड-२ का लागि २०७७ फागुन मसान्त सम्म रहनेछ भने खण्ड-१ का लागि खुला रहने छ ।
- उच्च मूल्य कृषि वस्तु विकास आयोजनाबाट लाभान्वित कृषि उध्यमी, कृषक समूह, सहकारीलाई यस कार्यक्रमबाट सहलगानी गरिने छैन ।
- प्राप्त भएका लगानी निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यक्रममा अन्तर्निहीत हुनेछ ।
- यस सम्बन्धमा थप जानकारी लिन र निवेदन पेश गर्नका लागि यस कार्यक्रम अन्तर्गत भेरिगंगा नगरपालिका कार्यक्षेत्र रहेका पशु प्राविधिकसंग अथवा कार्यक्रम समन्वय कार्यालयमा सम्पर्क गर्न सकिने छ ।


| कृषि प्राविधिक (कृषि समूह) | कृषि प्राविधिक (भेटेरिनरी समूह) | कार्यक्रम समन्वय कार्यालय |
|---|---|---|
| हस्त बहादुर वि.क. | हिमाल वली | सुर्खेत |
| कार्यक्षेत्रः भेरीगंगा नपा, सुर्खेत | कार्यक्षेत्रः भेरीगंगा नपा, सुर्खेत | वीरेन्द्रनगर न.पा.-८ धमलाचोक |
| सम्पर्क नं. ९८६४९३८२९० | सम्पर्क नं. ९८६८१२५२८० | फोन ०८३-५२३२९६ |